# डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेड
# भरतपुर, चितवनको
# उन्नाईसौं वार्षिक साधारण सभाको काम कारवाहीको विवरण
# (माईन्यूट)

१. **बैधानिक सभाः**

डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेडको मिति २०७७ फाल्गुन २१ गते बसेको सञ्चालक समितिको २८४औं बैठकको निर्णय अनुसार कम्पनी ऐन २०६३, प्रचलित कानुन र वित्तीय संस्थाको नियमावली बमोजिम बोलाईएको यस वित्तीय संस्थाको उन्नाईसौं वार्षिक साधारण सभा सञ्चालक समितिको अध्यक्ष श्री दिपक खनालको सभापतित्वमा सुसम्पन्न भयो ।

२. **सभाको मिति, स्थान र समयः**

सभाको मितिः २०७७ साल चैत्र २० गते शुक्रवार (तदनुसार २ अप्रिल, २०२१)।

सभाको स्थानः होटल मोनालिसा, सौराहा, चितवन ।

समयः विहान ११:०० बजे प्रारम्भ भई दिउँसो १२.४५ बजे सम्पन्न भएको ।

३. **सभाको सूचनाः**

कम्पनी ऐन २०६३ को दफा ६७ तथा संस्थाको नियमावलीको नियम ४(३) बमोजिम साधारण सभा हुने मिति, समय, स्थान र छलफलको विषयहरू सहितको विवरण खुलाई कानुन बमोजिमको सूचना मिति २०७७ फाल्गुन २४ गतेको “कारोबार” राष्ट्रिय दैनिक र मिति २०७७ चैत्र ३ गतेको “अभियान” राष्ट्रिय दैनिकमा प्रकाशित गरी शेयरधनी महानुभावहरूलाई जानकारी गराईएको थियो। साथै, सञ्चालक समितिको प्रतिवेदन, वासलात, नाफा नोक्सान हिसाव, नगद प्रवाहको विवरण, ईक्विटिमा भएको परिवर्तन सम्बन्धी विवरण तथा अन्य दस्तावेजहरू पुस्तिकाको रूपमा शेयरधनी महानुभावहरूको उपलब्ध ब्यक्तिगत ठेगानामा यथासमयमा पठाईएको थियो ।

४. **उपस्थितिः**

४.१ कम्पनी ऐन २०६३ को दफा ६८ बमोजिम सभामा उपस्थित सञ्चालकहरूः

| क्र.सं. | सञ्चालकको नाम | पद | प्रतिनिधित्व |
|---|---|---|---|
| १ | श्री दिपक खनाल | अध्यक्ष | लुम्बिनी विकास बैंक लिमिटेड |
| २ | डा. भृगुऋषि दुवाडी | सञ्चालक | सर्वसाधारण शेयरधनी |
| ३ | श्री रीता पौडेल | सञ्चालक | सर्वसाधारण शेयरधनी |
| ४ | श्री रमेशकुमार रघुवंशी | सञ्चालक | सर्वसाधारण शेयरधनी |
| ५ | श्री नरेशमान प्रधान | सञ्चालक | स्वतन्त्र सञ्चालक |
| ६ | श्री यज्ञप्रकाश न्यौपाने | सञ्चालक | कृषि विकास बैंक लिमिटेड |
| ७ | श्री मनोजकुमार ज्ञवाली | सञ्चालक | नविल बैंक लिमिटेड |

४.२ अन्य पदाधिकारीहरूको उपस्थितिः

| क्र.सं. | पदाधिकारीको नाम | पद | प्रतिनिधित्व |
|---|---|---|---|
| १ | श्री शेषरमण आचार्य | प्रमुख कार्यकारी अधिकृत | डिप्रोक्स लघुवित्त वित्तीय संस्था लि. |
| २ | श्री हेमकुमार काफ्ले | का.मु. सहायक महाप्रबन्धक | डिप्रोक्स लघुवित्त वित्तीय संस्था लि. |

| क्र.सं. | पदाधिकारीको नाम | पद | प्रतिनिधित्व |
|---|---|---|---|
| ३ | श्री पुष्पराज अधिकारी | का.मु. सहायक महाप्रबन्धक | डिप्रोक्स लघुवित्त वित्तीय संस्था लि. |
| ४ | श्री हरिप्रसाद आचार्य | का.मु. सहायक महाप्रबन्धक | डिप्रोक्स लघुवित्त वित्तीय संस्था लि. |
| ५ | श्री ज्ञानेन्द्रप्रसाद अर्याल | कम्पनी सचिव | डिप्रोक्स लघुवित्त वित्तीय संस्था लि. |
| ६ | श्री महेन्द्रबहादुर श्रेष्ठ | निर्वाचन अधिकृत | |

४.३ शेयरधनीहरूको उपस्थितिः

४.३.१ संस्थापक शेयरधनीः २२ जना

४.३.२ साधारण शेयरधनीः ४७ जना

जम्मा उपस्थित संख्याः ६९ जना

४.४ अन्य आमन्त्रितहरूको उपस्थितिः

जम्मा उपस्थित संख्याः ७ जना

५. <u>गणपुरक संख्या (कम्पनी ऐन २०६३ को दफा ७३ बमोजिम)ः</u>

| बिवरण | कुल संख्या | जम्मा उपस्थिति | कुल शेयरको प्रतिनिधित्व |
|---|---|---|---|
| शेयरधनी संख्या | १४,३१२ | ६९ | |
| जम्मा शेयर कित्ता | १,००,५४,३३५/७४५१ | ६३,१८,७५३ | ६२.८५ प्रतिशत |

६. <u>सभाको बैधानिकता र सभापतित्वः</u>

६.१ साधारण सभा शुरू हुनुअघि कम्पनी सचिव श्री ज्ञानेन्द्रप्रसाद अर्यालले उपस्थित शेयरधनी महानुभावहरूलाई स्वागत गर्दै कम्पनी ऐन २०६३ तथा संस्थाको नियमावली बमोजिम सभा बोलाईएको र कम्पनी ऐनको दफा ७३ को उपदफा (२) अनुसार साधारण सभाको गणपुरक संख्या कुल शेयरधनीहरू मध्ये कम्तिमा ३ जना उपस्थित हुनुपर्ने प्रावधान बमोजिम वित्तीय संस्थाको उन्नाईसौं वार्षिक साधारण सभामा राखिएको शेयरधनीहरूको हाजिरी पुस्तिकामा हाजिरी जनाउने शेयरधनीहरूको संख्या ६९ जना भएको र कुल शेयरको ६२.८५ प्रतिशत प्रतिनिधित्व भएको हुँदा साधारण सभाको गणपुरक संख्या पुगेको र कम्पनी कानुन अनुसार साधारण सभा बैधानिक भएको सभालाई अवगत गराउनु भयो । नियमानुसार साधारण सभाको सभापतित्व सञ्चालक समितिका अध्यक्षबाट हुने ब्यवस्थाको जानकारी गराउँदै अध्यक्ष श्री दिपक खनाललाई उन्नाईसौं वार्षिक साधारण सभाको सभापतित्व ग्रहण गर्न अनुरोध गर्दै अन्य सञ्चालकहरूलाई आसन ग्रहण गर्न अनुरोध गर्नुभयो ।

६.२ अध्यक्षले पानसमा वत्ती बाली उन्नाईसौं वार्षिक साधारण सभाको औपचारिक उद्घाटन गर्नु भयो।

६.३ राष्ट्रिय गानबाट कार्यक्रम शुरू गर्न सम्पूर्ण शेयरधनीहरूलाई आ–आफ्नो स्थानमा उभिन कम्पनी सचिवले अनुरोध गर्नुभयो ।

६.४ यस वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृत श्री शेषरमण आचार्यले उपस्थित सबै शेयरधनीहरू तथा आमन्त्रित महानुभावहरूलाई स्वागत अभिवादन गर्नुभयो ।

७. **छलफलको विषयहरूः**

**(क) साधारण प्रस्तावहरूः**

१. यस वित्तीय संस्थाको अध्यक्षज्यूबाट प्रेशित सञ्चालक समितिको उन्नाईसौं वार्षिक प्रतिवेदन (आ.व. २०७६/०७७) उपर छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व. २०७६/०७७ को वासलात, नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण, ईक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण सहित सम्बन्धित अनुसूचीहरू र नेपाल वित्तीय प्रतिवेदनमान (NFRS) बमोजिम तयार गरिएको वार्षिक वित्तीय विवरणहरू उपर छलफल गरी पारित गर्ने ।

३. सञ्चालक समितिको सिफारिस बमोजिम यस वित्तीय संस्थाको आ.व.२०७६/०७७ को मुनाफा र गत वर्ष सम्मको संचित मुनाफा रकम समेतबाट चुक्ता पुंजीको ५ प्रतिशतले हुन आउने रकम रू.५,०२,७१,६७८/७२ (अक्षरेपी पाँच करोड दुई लाख एकहत्तर हजार छ सय अठहत्तर रूपैया बहत्तर पैसा मात्र) नगद लाभांश (बोनस शेयर तथा नगद लाभांशमा लाग्ने कर समेत) बितरण गर्न स्वीकृत गर्ने ।

४. आ.व. २०७७/०७८ को लेखापरीक्षणको लागि लेखापरीक्षण समितिको सिफारिस बमोजिम लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने । (बर्तमान लेखापरीक्षक सुन्दर एण्ड कम्पनी, कम्पनी ऐन २०६३ को दफा १११(३) बमोजिम पुनः नियुक्तिको लागि योग्य रहेको।)

५. यस वित्तीय संस्थाको समुह ‘क’ संस्थापक सदस्यहरू मध्येबाट ३ जना सञ्चालकहरूको निर्वाचन गर्ने ।

**(ख) विशेष प्रस्तावहरूः**

१. सञ्चालक समितिको सिफारिस बमोजिम यस वित्तीय संस्थाको आ.व.२०७६/०७७ को मुनाफा र गत वर्ष सम्मको संचित मुनाफा रकम समेतबाट चुक्ता पुंजीको १५ प्रतिशतले हुन आउने रकम रू.१५,०८,१५,०३६/१८ (अक्षरेपी पन्ध्र करोड आठ लाख पन्ध्र हजार छत्तिस रूपैया अठार पैसा मात्र) बराबरको बोनस शेयर बितरण गर्न स्वीकृत गर्ने । साथै, बोनस शेयर जारी गर्दा दशमलब पछिको शेयर (Fraction Share) अंकलाई पछि समायोजन गर्ने गरी यथावत राख्ने ।

२. वित्तीय संस्थाको जारी तथा चुक्ता पुंजी रू. १,००,५४,३३,५७४/५१ रहेकोमा बोनस शेयर जारी पछि कायम हुने जारी पुँजी र चुक्ता पुँजी रू.१,१५,६२,४८,६१०/६९ (अक्षरेपी एक अर्व पन्ध्र करोड बैसठ्ठी लाख अठचालिस हजार छ सय दश रूपैया उनानसत्तरी पैसा मात्र) पुर्‍याउन यस वित्तीय संस्थाको प्रबन्ध–पत्रको दफा (५) को (ख) र (ग) मा आवश्यक संशोधन गर्ने ।

३. वित्तीय संस्थाको कर्पोरेट कार्यालय काठमाण्डौ जिल्ला नागार्जुन नगरपालिका वडा नं ४ सितापाईलामा स्थापना भएकोले प्रबन्ध–पत्रको दफा (२) मा र नियमावलीको नियम (२) मा थप गर्ने ।

४. डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेडले नाडेप लघुवित्त वित्तीय संस्था लिमिटेडलाई प्राप्ति (Acquisition) गर्ने सम्बन्धमा प्रारम्भिक समभ्रदारी पत्र (MOU) भई सकेकोले, भए गरेका सम्पूर्ण कार्यहरूको अनुमोदन गर्ने । साथै नियमनकारी निकायहरूको निर्देशन बमोजिम प्राप्ति (Acquisition) गर्ने सम्बन्धी कार्यको लागि प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन

गर्नुपर्ने भएमा सो समेत गर्ने लगायतका सम्पुर्ण कार्य गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

५. उल्लेखित विशेष प्रस्ताव उपर नियमनकारी निकायले फेरबदल गर्न सुभाव वा निर्देशन दिएमा सो अनुरूप प्रचलित कानुनको अधिनमा रही यस वित्तीय संस्थाको प्रवन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन/परिमार्जन गर्न सञ्चालक समितिलाई अधिकार प्रत्यायोजन गर्ने ।

**(ग) विविध** :

## ८. सभा सञ्चालन र उन्नाईसौं वार्षिक प्रतिवेदनको प्रस्तुतिः

८.१ अध्यक्ष एवं सभाका सभापति श्री दिपक खनालले सञ्चालक समितिको वार्षिक प्रतिवेदन संक्षेपमा वाचन गर्नु भयो । साथै, चालु आ.व.को पहिलो र दोश्रो त्रैमासिक प्रगतिको संक्षिप्त बिवरण सभामा प्रस्तुत गर्नु भयो ।

८.२ तत्पश्चात् सभापतिज्यूले सभा समक्ष वित्तीय संस्थाको २०७७ आषाढ ३१ गतेको वासलात, सोही मितिमा समाप्त आर्थिक वर्ष २०७६/०७७ को नाफा नोक्सान हिसाव, नाफा नोक्सान बाँडफाँड हिसाव, नगद प्रवाह विवरण, स्वामित्व कोषमा भएको परिवर्तन, प्रमुख लेखा नीति, लेखा सम्बन्धी टिप्पणीहरू र नेपाल वित्तीय विवरण प्रतिवेदनमान (NFRS) बमोजिम मिति २०७७ आषाढ ३१ को छुट्टै वित्तीय विवरण तयार गरिएकोले उक्त प्रतिवेदनहरू समेत छलफलको लागि सभा समक्ष प्रस्तुत गर्नु भयो ।

## ९. छलफलको लागि आव्हान तथा छलफलमा सहभागी शेयरधनी महानुभावहरूः

९.१ संस्थाको आ.व.२०७६/०७७ को वार्षिक प्रतिवेदन, २०७७ आषाढ मसान्तको वासलात, आ.व. २०७६/०७७ को नाफा नोक्सान हिसाव, नाफा नोक्सान बाँडफाँड तथा नगद प्रवाह बिवरण स्वामित्व कोषमा भएको परिवर्तन, प्रमुख लेखा नीति, लेखा सम्बन्धी टिप्पणी र नेपाल वित्तीय विवरण प्रतिवेदनमान (NFRS) बमोजिम मिति २०७७ आषाढ ३१ को छुट्टै वित्तीय विवरण तयार गरिएकोले उक्त प्रतिवेदनहरू उपर आ–आफ्नो मन्तव्य प्रकट गर्न र सो सम्बन्धमा कुनै प्रश्न तथा सुभाव भए जानकारी गराउन अध्यक्षले शेयरधनी महानुभावहरू समक्ष अनुरोध गर्नुभए पश्चात् देहायका शेयरधनी महानुभावहरू प्रत्यक्ष रूपले छलफलमा सहभागी भई देहाय अनुसारका जिज्ञाशाहरू र सुभावहरू ब्यक्त गर्नु भयोः–

१. श्री बविता श्रेष्ठ

२. श्री प्रकाशबहादुर श्रेष्ठ

३ श्री कैलाश रिजाल

४. श्री पिताम्बरप्रसाद आचार्य

**छलफलमा सहभागी हुने शेयरधनी महानुभावहरूको आ–आफ्नो विचार प्रस्तुतिकरणः**

**१. श्री ववितता श्रेष्ठ**

- कोरोना भाईरस (Covid 19) विषम परिस्थितीमा १५ प्रतिशत बोनस शेयर र ५ प्रतिशत नगद लाभांश समेत २० प्रतिशत लाभांश वितरण गरेकोमा सञ्चालकहरूलाई धन्यवाद दिन चाहन्छु ।
- लघुवित्त कार्यक्रमले महिला सशक्तिकरणमा जोड दिने भएकोले ग्राहक सदस्य/सेवाग्राहीलाई सिपमुलक तालिम दिनु पर्दछ ।
- सदस्य तथा कर्मचारीलाई प्रविधिमैत्री बनाउन Tablet Banking सम्बन्धी तालिम दिदा राम्रो हुने ।

- यस वित्तीय संस्थाले नाडेप लघुवित्त वित्तीय संस्थालाई प्राप्ति (Acquisition) गर्ने सहमति गरेको हुँदा स्वाप रेसियो कति तोकेको छ ?
- संस्थाले सञ्चालन गरेको वित्तीय साक्षरता सम्बन्धी कार्यक्रम र संस्थाको स्लोगन राम्रो छ ।

## २. श्री प्रकाशबहादुर श्रेष्ठ

- यस संस्थाले ३ जिल्लाबाट शुरू गरेको कार्यक्रम हाल देशको ७१ जिल्लामा पुगेको छ ।
- कोरोना भाईरस (Covid 19) ले पारेको प्रभावको विषम परिस्थितिमा पनि संस्थाले ४७ करोड नाफा गर्न सफल भई २० प्रतिशत प्रतिफल दिएकोमा सञ्चालक समितिलाई धन्यवाद दिन चाहन्छु ।
- नाडेप लघुवित्त वित्तीय संस्थालाई प्राप्ति (Acquisition) गर्ने बिषयमा के भई रहेको छ जानकारी पाउन पाए हुन्थ्यो ।

## ३. श्री कैलाश रिजाल

- समीक्षा वर्षमा कोभिडले कार्यक्रम सञ्चालनमा पुऱ्याएको प्रभाव एकदमै चुनौती रहेको थियो । जुन बिषय प्रमुख कार्यकारी अधिकृतले स्वागत मन्तब्यमा राख्नु भएको थियो ।
- वार्षिक प्रतिवेदनमा उल्लेख गरिएका तथ्यांकहरू हेर्दा गर्भ गर्नु पर्ने कुराहरू रहेका छन् ।
- बचतको अनुपात बढदै गएको छ । २ अर्ब लगानी बढाउँदा ८५ करोड बचत बढेको छ जुन एक दम राम्रो पक्ष हो ।
- NPL घटेको छ, कर्जा सुचना केन्द्रमा सदस्यहरूको विवरण अद्यावधिक गरेर Clean Balance Sheet आएको छ ।
- Member Droup-out वार्षिक प्रतिवेदनमा उल्लेख भएको छैन । Member Droup-out बिषयमा Research गर्दा राम्रो हुने, जुन विषय Decision Maker को लागि दुरदृष्टि हुन सक्दछ ।
- Micro Level मा सदस्यहरूको आवश्यकता अनुसार Product Development गर्न आवश्यक रहेको छ ।
- Mobile Banking/Tablet Banking कार्यान्वियन गर्न ढिला भईसकेको छ ।
- कर्मचारीको क्षमता अभिवृद्धिमा बजेट राम्रो रहेकोले कर्मचारीहरूलाई क्षमता अभिवृद्धि गर्नु पर्दछ ।
- स्थानिय निकायहरूमा लघुवित्त वित्तीय संस्था प्रतिको धारणा नकारात्मक रहेको छ ।
- स्थानिय निकायका जनप्रतिनिधिहरूलाई टेलिभिजन कार्यक्रम मार्फत Exclusive to Finance बारेमा बुझाउन आवश्यक रहेको छ ।
- Social Security को कार्यक्रम पनि लघुवित्त वित्तीय संस्थाहरूले गर्न आवश्यक रहेको छ ।
- सदस्यहरूलाई दिईने वित्तीय साक्षरता सम्बन्धी कार्यक्रममा परिवर्तन गर्न आवश्यक देखिएको छ ।
- ग्राहक संरक्षण क्षेत्रमा प्रतिस्पर्धा भएकोले बाहय क्षेत्रका सदस्यलाई पनि समेटन पर्ने ।
- संस्थाको भवन/जग्गा खरिदको बिषय के भईरहेको छ ?
- यस परिस्थितमा समेत राम्रो प्रतिफल पाएकोले सञ्चालक समितिलाई धन्यवाद दिन चाहन्छु ।

## ४. श्री पिताम्बरप्रसाद आचार्य

- बि.स. २०५२ सालमा रौतहटको २ वटा गा.वि.स.बाट शुरू गरेको कार्यक्रम आज देशको ७१ जिल्लाका २ लाख ३२ हजार सदस्यलाई १४ अर्ब लगानी भएको छ ।

- कोभिडको समस्याको बावजूद पनि २० प्रतिशत लाभांश दिन सफल भएकोमा सञ्चालक र ब्यवस्थापनलाई धन्यवाद दिन चाहन्छु ।
- कोभिडको प्रभाव त्यतिकै रहेकोले यसलाई मध्यनजर गरेर कार्यक्रम सञ्चालन गर्नु पर्दछ ।
- लघुउद्यम कर्जा (धितो कर्जा) लाई बढाएर ३३ प्रतिशतसम्म पुऱ्याउनु पर्दछ ।
- लघुवित्त कार्यक्रमले गरिवी न्युनीकरण, महिला स–शक्तिकरणमा पुऱ्याएको योगदानको बारेमा Publicity गर्न सकेका छैनौ । जुन Publicity गर्न आवश्यक रहेको छ ।
- लघुवित्त वित्तीय संस्थाले विपन्न बर्गको कर्जा गर्न पाऊनु पर्नेमा बाणिज्य बैक, विकास बैक र फाईनान्स कम्पनीहरू आफैले बिपन्न वर्ग कर्जा लगानी गरेकोले वित्तीय श्रोतमा संकुचन आएको छ ।
- लघुवित्त कार्यक्रम सञ्चालनको लागि दिगो श्रोत र साधन आवश्यक भएकोले लघुवित्त वित्तीय संस्थाहरूलाई विकास बैकमा स्तरोन्नत्ति गरी विकास बैकबाट श्रोत संकलन गर्ने र लघुवित्तवाट लगानी गर्ने ब्यवस्थाको लागि केन्द्रीय बैकसँग अनुरोध गर्न सञ्चालक समितिलाई अनुरोध छ ।
- डिप्रोक्स लघुवित्त वित्तीय संस्थाले नाडेप लघुवित्त वित्तीय संस्थालाई गाभे पछि देशकै ठुलो संस्था बन्ने छ ।

१०. **<u>सभामा शेयरधनी महानुभावहरूले प्रकट गर्नु भएको जिज्ञासा एवं प्रश्नहरूको जवाफः</u>**

शेयरधनी महानुभावहरूले सभामा दिनु भएको सुझावहरू प्रति आभार ब्यक्त गर्दै प्रकट भएका जिज्ञासा तथा प्रश्नहरू उपर अध्यक्षले सामूहिक रूपमा देहाय बमोजिम प्रत्युत्तर दिनुभयोः–

- यस्तो परिस्थितिमा पनि १५ प्रतिशत बोनस शेयर र ५ प्रतिशत नगद लाभांश दिन संस्था सफल भएको छ भनी स्वयम शेयरधनीहरूको तर्फबाट महसुस गरिनु र कार्यक्रमको प्रगतिको प्रशंसा शेयरधनीहरूबाट हुनुले सञ्चालक समितिलाई हौसला र प्रेरणा मिलेको छ ।
- DDA बाट आएको स्वाप रेसियोको आधारमा शेयर अनुपात कायम हुन्छ ।
- बचत बढाउनको लागि पहल गरेका छौं ।
- सदस्य droupout को बारेमा आगामी प्रतिवेदन उल्लेख गर्नेछौ र सदस्य droupout सम्बन्धमा research गर्नेछौ ।
- SMS Alert/ Mobile Banking/Tablet Banking को कार्यक्रम शुरूवात गरिसकेका छौ ।
- कोभिडको समयमा शाखा कार्यालय रहेको स्थानका जनप्रतिनिधि मार्फत राहत सामाग्री वितरण गरेका छौ । जसले गर्दा पालिकासँगको समन्वय राम्रो भएको छ ।
- ग्राहक संरक्षण कोषको कार्यविधि परिवर्तन गरेर सदस्यहरूलाई उपलब्ध गराउने सुविधाको दायरा फराकिलो बनाएका छौं ।
- केन्द्रीय कार्यालयको लागि भवन/जग्गा खोजी राखेका छौं । प्राप्ति (एक्विजिशन) पछि काठमाण्डौ महानगरपालिकामा भवन/जग्गा खरिद गर्नेछौं ।
- संस्थापक अध्यक्षले समग्र लघुवित्त क्षेत्रको कुरा उठाउनु भएको छ । उहाँको योगदानले हामी आज यहाँ सम्म आईपुगेका छौ । ५६२ जना कर्मचारीलाई रोजगारी दिएका छौ भने देशमा २ लाख ३२ हजार सदस्यलाई लघुवित्त सेवा उपलब्ध गराई राखेको छौं ।

११. **<u>सभाको निर्णयः</u>** साधारण सभामा प्रस्तुत बिषयहरू उपर बिस्तृत छलफल एवं अध्यक्षबाट प्रत्युत्तर पश्चात निम्न बमोजिम निर्णय परित भयो ।

(क) **<u>साधारण प्रस्ताव तर्फः</u>**

१. वित्तीय संस्थाको उन्नाईसौं वार्षिक प्रतिवेदन (आ.व. २०७६/०७७) अध्यक्षले पारित गर्नका लागि प्रस्ताव गर्नु भएकोमा सभाले सर्वसम्मतिले पारित गऱ्यो ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व. २०७६/०७७ को वासलात, नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण, ईक्वीटीमा भएको परिवर्तन सम्बन्धी विवरण सहित सम्बन्धित अनुसूचीहरू र नेपाल वित्तीय प्रतिवेदनमान (Nepal Financial Reporting Standard-NFRS) बमोजिम तयार गरिएको वार्षिक वित्तीय विवरणहरू पारित गरियोस् भनी अध्यक्षले सभा समक्ष प्रस्ताव पेश गर्नु भएकोमा सभाबाट सर्वसम्मतिले पारित गर्‍यो ।

३. सञ्चालक समितिको सिफारिस बमोजिम वित्तीय संस्थाको आ.व. २०७६/०७७ को मुनाफा र गत वर्षसम्मको संचित मुनाफा रकम समेतबाट चुक्ता पुंजीको ५ प्रतिशतले हुन आउने रकम रू.५,०२,७१,६७८/७२ (अक्षरेपी पाँच करोड दुई लाख एकहत्तर हजार छ सय अठहत्तर रूपैया बहत्तर पैसा मात्र) नगद लाभांश (बोनस शेयर तथा नगद लाभांशमा लाग्ने कर समेत) बितरण गर्न स्वीकृतिको लागि अध्यक्षले सभा समक्ष प्रस्ताव गर्नु भएकोमा सर्वसम्मतीले पारित गर्‍यो ।

४. कम्पनी ऐन २०६३ को दफा १११ अनुसार आ.व. २०७७/०७८ को लागि लेखापरीक्षक नियुक्त गरी निजको पारिश्रमिक निर्धारण गरियोस् भनी अध्यक्षले सभा समक्ष प्रस्ताव गर्नु भएकोमा लेखापरीक्षण समितिको सिफारिस बमोजिम सुन्दर एण्ड कम्पनी, चार्टर्ड एकाउण्टेण्टस्लाई सर्वसम्मतिबाट लेखापरीक्षकमा नियुक्त गर्ने निर्णय गर्‍यो । बैधानिक लेखापरीक्षण, कर लेखापरीक्षण, दफा ७८ र लङ्गफर्म अडिट रिर्पोट आदि समेत तयार गरे वापत सुन्दर एण्ड कम्पनी, चार्टर्ड एकाउण्टेण्टस्लाई भ्याट सहित रू. ३,३९,०००/०० (अक्षरेपी तीन लाख उनान्चालिस हजार मात्र) पारिश्रमिक उपलब्ध गराउने निर्णय सर्वसम्मतिले पारित गर्‍यो ।

५. वित्तीय संस्थाको संस्थापक शेयरधनीहरू समुह "क" को तर्फबाट आगामी ४ वर्षे कार्यकालका लागि ३ जना सञ्चालकहरूको निर्वाचन गर्ने कार्यक्रम रहेकोमा लुम्विनी विकास बैक लिमिटेडको तर्फबाट श्री दिपक खनाल, कृषि विकास बैक लिमिटेडको तर्फबाट श्री यज्ञप्रकाश न्यौपाने र विकास आयोजना सेवा केन्द्र (डिप्रोक्स नेपाल) को तर्फबाट श्री गणेशकुमार के.सी. समेत ३ जनाले आ-आफ्नो संस्थाको तर्फबाट प्रतिनिधित्व गरी मनोनयन दर्ता भएकोले उहांहरू निर्विरोध निर्वाचित भएको निर्वाचन अधिकृत श्री महेन्द्र बहादुर श्रेष्ठले जानकारी दिनु भयो तथा सभाबाट सो प्रस्ताव सर्वसम्मतिबाट पारित भयो । निर्वाचित सबै सञ्चालकहरूलाई हार्दिक स्वागत गर्दै उहाँहरूको कार्यकालको सफलताको कामना गरियो ।

साथै, यस अघि वित्तीय संस्थापक समुह अन्तर्गत नविल बैंक लिमिटेडको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गरिरहनु भएका सञ्चालक श्री मनोजकुमार ज्ञवालीले यस वित्तीय संस्थालाई पुर्‍याउनु भएको योगदान प्रति धन्यवाद दिदै हार्दिक आभार ब्यक्त गरियो ।

**(ख) <u>बिशेष प्रस्ताव तर्फः</u>**

१. सञ्चालक समितिको सिफारिस बमोजिम यस वित्तीय संस्थाको आ.व.२०७६/०७७ को मुनाफा र गत वर्ष सम्मको संचित मुनाफा रकम समेतबाट चुक्ता पुंजीको १५ प्रतिशतले हुन आउने रकम रू.१५,०८,१५,०३६/१८ (अक्षरेपी पन्ध्र करोड आठ लाख पन्ध्र हजार छत्तिस रूपैया अठार पैसा मात्र) बराबरको बोनस शेयर बितरण गर्न र बोनस शेयर जारी गर्दा दशमलब पछिको शेयर (Fraction Share)अंकलाई पछि समायोजन गर्ने गरी यथावत राख्न स्वीकृतिको लागि अध्यक्षले सभा समक्ष प्रस्ताव गर्नु भएकोमा सर्वसम्मतिले स्वीकृत गर्‍यो ।

२. वित्तीय संस्थाको जारी तथा चुक्ता पुंजी रू. १,००,५४,३३,५७४/५१ रहेकोमा बोनस शेयर जारी पछि कायम हुने जारी पुंजी र चुक्ता पुंजी रू.१,१५,६२,४८,६१०/६९ (अक्षरेपी एक अर्व पन्ध्र करोड बैसठ्ठी लाख अठचालिस हजार छ सय दश रूपैया उनान्सत्तरी पैसा मात्र) पुर्‍याउन यस वित्तीय संस्थाको प्रबन्ध–पत्रको दफा (५) को (ख) र (ग) मा आवश्यक संशोधन गर्न स्वीकृतिको लागि अध्यक्षले सभा समक्ष प्रस्ताव गर्नु भएकोमा सोही बमोजिम प्रबन्धपत्रमा आवश्यक संशोधन गर्न सभाले सर्वसम्मतिबाट स्वीकृत गर्‍यो ।

| दफा उपदफा | हाल भएको व्यवस्था | संशोधित व्यवस्था |
|---|---|---|
| ५ | वित्तीय संस्थाको पुंजीको संरचनाः | वित्तीय संस्थाको पुंजीको संरचनाः |
| ५(ख) | वित्तीय संस्थाको जारी पुंजी रू. १,००,५४,३३,५७४/५१(अक्षरेपि एक अर्ब चवन्न लाख तेतिस हजार पाँच सय चौहत्तर दशमलव पाँच एक मात्र) हुनेछ । सो पुंजी लाई प्रति शेयर रू. १००/– का दरका १,००,५४,३३५.७५ (एक करोड चवन्न हजार तीन सय पैतिस दशमलव सात पाँच) थान साधारण शेयरमा विभाजन गरिएको छ । | वित्तीय संस्थाको जारी पुंजी रू.१,१५,६२,४८,६१०/६९ (अक्षरेपि एक अर्ब पन्ध्र करोड बैसठ्ठी लाख अठचालिस हजार छ सय दश रूपैया उनान्सत्तरी पैसा मात्र) हुनेछ । सो पुंजी लाई प्रति शेयर रू. १००/– का दरका १,१५,६२,४८६.११ (एक करोड पन्ध्र लाख बैसठ्ठी हजार चार सय छयासी दशमलव एक एक) थान साधारण शेयरमा विभाजन गरिएको छ । |
| ५(ग) | वित्तीय संस्थाको चुक्ता पुंजी रू. १,००,५४,३३,५७४/५१ (अक्षरेपि एक अर्ब चवन्न लाख तेतिस हजार पाँच सय चौहत्तर दशमलव पाँच एक मात्र) हुनेछ। | वित्तीय संस्थाको चुक्ता पुंजी रू.१,१५,६२,४८,६१०/६९ (अक्षरेपि एक अर्ब पन्ध्र करोड बैसठ्ठी लाख अठचालिस हजार छ सय दश रूपैया उनान्सत्तरी पैसा मात्र) हुनेछ । |

३. नेपाल राष्ट्र बैकको स्वीकृत बमोजिम यस वित्तीय संस्थाको कर्पोरेट कार्यालय काठमाण्डौ जिल्ला नागार्जुन नगरपालिका वडा नं.४ मा स्थापनाको लागि स्वीकृति प्राप्त भएकोले प्रबन्ध–पत्रको दफा (२) (३) र नियमावलीको दफा (२)(२) मा आवश्यक संशोधन गर्न अध्यक्षले सभा समक्ष प्रस्ताव पेश गर्नु भएकोमा प्रबन्ध–पत्रको दफा (२) (३) र नियमावलीको दफा (२) (२) मा निम्न बमोजिम संशोधन गर्ने सर्वसम्मतिबाट स्वीकृत भयोः–

**प्रबन्धपत्रमा**

| दफा उपदफा | हाल भएको व्यवस्था | संशोधित व्यवस्था |
|---|---|---|
| २ | वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रीय) कार्यालय रहने ठेगानाः | वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रीय) कार्यालय रहने ठेगानाः |
| २(३) | हाल नभएको । | यस वित्तीय संस्थाको कर्पोरेट कार्यालय काठमाण्डौ जिल्ला नागार्जुन नगरपालिका वडा नं. ४ सितापाईलामा रहने छ । |

**नियमावलीमा**

| दफा उपदफा | हाल भएको ब्यवस्था | संशोधित ब्यवस्था |
|---|---|---|
| २ | <u>**वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रीय) कार्यालय रहने ठेगाना** :</u> | <u>**वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रीय) कार्यालय रहने ठेगाना** :</u> |
| २(२) | हाल नभएको । | यस वित्तीय संस्थाको कर्पोरेट कार्यालय काठमाण्डौ जिल्ला नागार्जुन नगरपालिका वडा नं. ४ सितापाईलामा रहने छ । |

४. डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेडले नाडेप लघुवित्त वित्तीय संस्था लिमिटेडलाई प्राप्ति (Acquisition) गर्ने सम्बन्धमा प्रारम्भिक समझदारी पत्र (MOU)भई सकेकोले, हाल सम्म भए गरेका सम्पूर्ण कार्यहरूको अनुमोदन गर्न र नियमनकारी निकायहरूको निर्देशन बमोजिम प्राप्ति (Acquisition) गर्ने सम्बन्धी कार्यको लागि प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्नुपर्ने भएमा सो समेत गर्ने लगायतका सम्पुर्ण कार्य गर्नको लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्न अध्यक्षले साधारण सभा समक्ष पेश गर्नु भएकोमा सर्वसम्मतिले पारित गऱ्यो ।

५. उल्लेखित विशेष प्रस्तावहरू तथा सोबाट पर्न जाने असर र नियमनकारी निकायको निर्देशन तथा प्रचलित कानुनको अधिनमा रही प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक थपघट गर्न सञ्चालक समितिलाई अख्तियार प्रत्यायोजन गर्न अध्यक्षले सभा समक्ष विशेष प्रस्ताव गर्नु भएकोमा प्रचलित कानुनको अधिनमा रही प्रस्ताव बमोजिम आवश्यक संशोधन/परिमार्जन गर्न सर्वसम्मतिले सञ्चालक समितिलाई अख्तियार प्रत्यायोजन गर्ने निर्णय पारित गऱ्यो।

**(ग) बिविधः** विषयसूची अन्तर्गत कुनै विषय नहुँदा छलफल तथा निर्णय गर्न परेन ।

१२. <u>**धन्यवाद ज्ञापनः**</u>

छलफल तथा निर्णयको क्रम समाप्त भएपछि अध्यक्षले शेयरधनी महानुभावहरूबाट छलफलमा सक्रिय रूपले सहभागी भई उहाँहरूबाट महत्वपुर्ण सुझाव तथा मार्गदर्शन प्रदान गर्नु भएकोमा आभार ब्यक्त गर्दै आफ्नो अमूल्य समय दिई उन्नाईसौं वार्षिक साधारण सभा सफलता पूर्वक सञ्चालन एवं सम्पन्न गर्न सहयोग गर्नु भएकोमा सम्पूर्ण शेयरधनीहरू तथा सम्बन्धित सबैलाई धन्यबाद ज्ञापन गर्नु भयो ।

१३. <u>**सभा विसर्जनः**</u>

अन्तमा, छलफल गर्न बाँकी विषय नभएको हुंदा अध्यक्षज्यूले साधारण सभा सफलता पूर्वक सम्पन्न भएको घोषणा सहित दिउँसो १२ः४५ बजे साधारण सभा बिसर्जन गर्नुभयो ।

| ............................ | ............................ | ............................ |
|---|---|---|
| (ज्ञानेन्द्रप्रसाद अर्याल)<br>कम्पनी सचिव | (रमेशकुमार रघुवंशी)<br>सञ्चालक<br>प्रतिनिधि, सर्वसाधारण | (दिपक खनाल)<br>अध्यक्ष |

मितिः २०७७ चैत्र २० गते शुक्रवार दिउँसो १२ः४५ बजे ।